# ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल

विधान

जिल्ला प्रशासन कार्यालय, काठमाण्डौ मिति २०५३।३।७ गतेको निर्णयानुसार स्वीकृत र २०५७/३/१३, २०६०/१/३,२०६१/१२/५,२०६४/९/१६ का निर्णय अनुसार संसोधित विधान

## प्रस्तावना

राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा विद्यमान आर्थिक भ्रष्टाचार र सार्वजनिक अधिकारको दुरुपयोगलाई संगठित र संस्थागत रुपबाट प्रतिरोध गर्दै सामाजिक कृयाकलाप तथा आर्थिक कारोवार सम्वन्धी पद्धति व्यवहारमा शुद्धता र समन्यायलाई प्रोत्साहित गर्ने प्रमुख ध्येय आत्मसात गरी, तथा अन्तर्राष्ट्रिय स्तरमा स्थापित ट्रान्सपरेन्सी इन्टरनेशनल [Transparency International] संग संस्थागत सम्बन्धन प्राप्त गर्ने गरी यो संस्था सथापना गरिएको छ ।

## नाम र परिभाषा

१. (क) यस संस्थाको नाम ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल[Transparency International Nepal] रहेको छ ।

(ख) यसको केन्द्रीय कार्यालय काठमाण्डौमा रहने छ । स्थानीय अधिकारीको स्वीकृतिलिई यसका शाखाहरु नेपाल अधिराज्यभित्र अन्यत्र खोल्न सकिने छ ।

(ग) यो विधान संस्था दर्ता ऐन २०३४ बमोजिम स्वीकृत भएको मितिदेखि लागू हुने छ ।

२. **विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,**

(क) संस्था भन्नाले ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल सम्झनु पर्छ ।

(ख) विधान भन्नाले यसै विधान लाई संम्झनु पर्छ ।

(ग) साधारण सभा भन्नाले वार्षिक तथा विशेष साधारण सभा बुझाउँदछ ।

(घ) समिति भन्नाले विधान बमोजिम गठित कार्य समिति बुझाउँदछ ।

(ङ) उपसमिति भन्नाले समितिले विशेष जिम्मेवारी दिई चयन गरेको उपसमितिलाई बुझाउँदछ ।

(च) परिषद् भन्नाले विधान बमोजिम गठित सल्लाहकार परिषद्लाई बुझाउँदछ ।

१. सहयोगी समूह भन्नाले बिधानको ४२ क बमोजिमको समूहलाई बुझाउँदछ ।

(छ) नियम भन्नाले समितिले संस्थाको कार्य संचालनको लागि समय समयमा बनाएको नियमलाई बुझाउँदछ ।

(ज) सदस्य भन्नाले विधान बमोजिम सदस्यता प्राप्त गर्ने व्यक्ति वा संस्थालाई बुझाउँदछ ।

(झ) तोकेबमोजिम भन्नाले समितिले समय समयमा गरेको निर्णय बमोजिम निर्धारित गरिएको कार्यविधि वा प्रक्रिया वा ढांचालाई बुझाउँदछ ।

३. (क) संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ ।

(ख) संस्थाको आफ्नो छुट्टै छाप हुने छ ।

(ग) संस्थाले व्यक्ति सरह अरुमाथि नालेस उजूर गर्न सक्ने र संस्थामाथि पनि अरुद्वारा व्यक्ति सरह नालेस उजूर लाग्न सक्ने छ ।

## उद्देश्य

४. प्रस्तावनामा उल्लेखित ध्येय प्राप्त गर्नको लागि प्रचलित ऐन, कानूनको परिधिभित्र रहि आर्थिक कारोवारमा अपनाइने प्रकृया तथा पद्धतिमा सुधार ल्याउने अभिप्रायले विभिन्न प्रकारका कृयाकलाप आफूले आयोजन गर्ने र अन्यले गरेका त्यस्ता कृयाकलापमा संलग्न हुने वा सहभागी हुने संस्थाको उद्देश्य रहने छ । उद्देश्य प्राप्तिको लागि संस्थाले देहाय वमोजिमका कामहरु समेत गर्ने छ ।

(क) सबै खालका भ्रष्टाचारको प्रतिवाद र प्रतिरोध गर्ने,

(ख) सार्वजानिक स्रोत तथा साधनको दुरपयोग गर्ने प्रवृतिलाई निरुत्साहित गर्ने ।

(ग) राष्ट्रिय तथा अन्तराष्ट्रिय संयोजनमा हुने भ्रष्टाचारको एकसाथ प्रतिरोध गर्ने

(घ) व्यक्तिगत लाभका लागि सार्वजनिक पद, प्रतिष्ठा, अधिकारको दुरुपयोग रोक्न प्रोत्साहन गर्ने,

(ङ) भ्रष्टाचार विरुद्ध स्थापित सार्वजनिक संस्था, प्रणाली, व्यवस्था, समूह, समुदायलाई उद्देश्य प्राप्तिका निम्ति सक्रिय रुपबाट क्रियाशील रहन उत्प्रेरित गर्ने,

(च) सार्वजनिक आचरण तथा व्यवहारलाई पारदर्शी राख्न विभिन्न किसिमका कार्यक्रम र गतिविधि सञ्चालन गर्ने ,

(छ) पारदर्शिताबाट समाज, राष्ट्र र समुदायलाई पुग्न सक्ने लाभको सम्बन्धमा जनचेतना जागृत गराउने किसिमका शैक्षिक एवं प्रचार प्रसारका कृयाकलाप गर्ने,

(ज) आर्थिक कारोवारमा पारदर्शिता ल्याउने हेतुले निश्चित आचार संहिताहरु प्रतिपादन गर्न एवं त्यसलाई पालन गर्न गराउन सम्वन्धित पक्षहरुलाई सघाउने र आवश्यक सहयोग पुग्ने गरी काम गर्ने,

(झ) राष्ट्रिय स्रोत र साधन एवं अन्तर्राष्ट्रिय सहयोग र सहभागितामा हुने विकास, निर्माण, खरीद,विक्रि लगायतका विविध कृयाकलापमा हुने विविध प्रकारका भ्रष्टाचारलाई प्रोत्साहित गर्ने गतिविधिलाई प्रतिरोध, नियन्त्रण एवं उजागर गर्न प्रयत्नशील रहने,

(ञ) सार्वजनिक पद, प्रतिष्ठा तथा अधिकार र प्रविधिको आडमा विकास आयोजनाहरुको प्राथमिकताक्रम निर्धारण, लागत आंकलन, प्रविधि एवं कार्यन्वयन प्रकियाको चयनमा हुने अवान्छित,अस्वाभाविक रुपमा गरिने कृयाकलापलाई निरुत्साहित गर्ने,

(ट) सरकारलाई अन्तराष्ट्रिय आर्थिक कारोवार गर्दा अपनाइने आचार संहिताहरु तयार गर्न प्रोत्साहित गर्ने र यस दिशामा गरिने अन्तराष्ट्रिय प्रयत्नलाई सक्रीय रुपमा सहयोग गर्ने ,

(ठ) ट्रान्सपरेन्सी इन्टरनेशनललाई भ्रष्टाचार र यसको प्रतिरोध विषयक राष्ट्रिय अनुभव बारे अवगत गराउने र यस क्षेत्रमा योगदान दिन सक्ने व्यक्ति विशेष पहिचान गरी पठाउने तथा

(ड) संस्थासँग सहयोगी भई काम गर्न इच्छुक अन्य संस्थाहरुसँग सम्बन्ध राख्ने । संस्थाले प्रचलित ऐन, नियम तथा नेपाल सरकारको नीति निर्देशन भित्र रही सम्बन्धित निकायसँग सामाञ्जस्य र समन्वय राखी कार्य सञ्चालन गर्नेछ ।

**परिसीमा**

५. (क) संस्थाले भ्रष्टाचार भएको वा हुन सक्ने कुनै निश्चित मामिलामा कुनै व्यक्ति विशेषउपर छानविन गर्ने प्रकारका काम गर्ने छैन ।

(ख) संस्था कुनै पनि राजनैतिक दल विशेषसंग आवद्ध रहने छैन र यसले पूर्णतया निष्पक्ष एवं स्वतन्त्र भई काम गर्नेछ ।

## सदस्यता

६. विधानमा दस्तखत गर्ने धारा ४५ मा उल्लिखित व्यक्तिहरुले यस संस्थाका संस्थापकको रुपमा स्वत सदस्यता, प्राप्त गर्नेछन् ।

७. समितिले धर्म, जाति, सम्प्रदाय, लिंग र पेशाका आधारमा कुनै भेदभाव नराखी संस्थाको ध्येय र उद्देश्यमा आस्था राख्ने वाल्गि नेपाली नागरिकलाई संस्थाको सदस्यता प्रदान गर्न सक्नेछ।

सदस्यता लिनेले यस संस्थाको आचार संहिता (Code of conduct) लाई स्वीकारेको हुनु पर्ने छ।

यसको अतिरिक्त समितिले संस्थागत सदस्यता पनि प्रदान गर्न सक्नेछ।

संस्थागत सदस्यता विशेषगरी यस संस्थाबाट प्रतिपादित सदाचार पद्धतिलाई कार्यान्वयनमा ल्याउने सार्वजनिक संघ संस्थाहरु जस्तै नगरपालिका, जिल्ला बिकास समिति, संस्थान आदिलाई प्रदान गरिने छ। यस्तैगरी यस संस्थाका मुख्य उद्देश्य र मान्यताहरुसित सहमत र सहयोग गर्ने अन्य सामाजिक तथा व्यवसायिक संघ संस्थाहरुलाई पनि संस्थागत सदस्यता दिइने छ।

सदस्यले तोकिएको शुल्क तिर्नु पर्नेछ।

८. सदस्य बन्न इच्छुक व्यक्ति वा संस्थाले समितिले तोकेबमोजिमको ढाँचामा एकजना सदस्यद्वारा प्रस्तावित भएको दरखास्त दिएमा समितिले निजलाई सदस्यता प्रदान गर्न सक्नेछ। सदस्यता प्रदान गर्ने विषयमा अन्तिम निर्णय गर्ने अधिकार समितिलाई रहनेछ, जसउपर उजुर लाग्नेछैन।

९. सदस्यता नरहने अवस्था देहाय बमोजिम हुने छ।

(क) मृत्यू भएमा वा सदस्यता परित्याग गरेको सूचना समितिलाई दिएमा वा

(ख) सदस्यता शुल्क नबुझाएको कारणले समितिले सदस्यताबाट हटाउने निर्णय गरेमा वा

(ग) संस्थालाई हानी नोक्सानी हुने कार्य गरेको कारण देखाई वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार सम्वन्धी अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई समितिले सदस्यताबाट हटाउने निर्णय गरेमा। तर सम्वन्धित सदस्यलाई सफाइ दिने अवसरबाट बंचित गरिने छैन। समितिको उक्त निर्णयको अनुमोदन साधारण सभाद्वारा हुनुपर्नेछ।

## साधारणसभा

१०. संपुर्ण सदस्यहरुबाट बनेको सभालाई साधारण सभा भनिनेछ। साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ। यसको बैठक दुई प्रकारको हुनेछ :

(क) वार्षिक साधारण सभा, र
(ख) विशेष साधारण सभा

११ साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) समितिका अध्यक्षलगायत सदस्यहरुको चयन गर्नु,
(ख) समितिलाई अख्तियार प्रत्यायोजन गर्नु,
(ग) समितिले पेश गरेको प्रगति तथा आर्थिक प्रतिवेदन उपर छलफल गरी स्वीकृति प्रदान गर्नु,
(घ) समितिले गरेको काम कारबाहीमा चित्त नबुझ्ने सदस्यले दिएको उजूरी उपर छलफल गरी टुंगो लगाउनु,
(ङ) समितिलाई आवश्यक कार्यक्रम र नितिका सम्वन्धमा निर्देशन दिनु,
(च) विधि पुगेको प्रस्ताव उपर छलफल गरी निर्णय गर्नु,
(छ) समितिका सदस्यहरुमाथि अनुशासनको कारवाही गर्नु, र
(ज) विधान बमोजिम अन्यत्र गर्नु भनिएका काम कारवाही गर्नु।

१२. कुल सदस्य संख्याको ५० प्रतिशतभन्दा वढी उपस्थित भएमा साधारण सभाको गणपूरक संख्या पुगेको मानिनेछ। गणपूरक संख्या नपुगेको कारण साधारण सभा संचालन हुन नसकेमा दोस्रो पटक ७ दिनको म्याद राखी पुनः साधारण सभा बोलाइने छ र त्यस बखत उपस्थित संख्यालाई नै गणपुरक संख्या मानिने छ।

**वार्षिक साधारण सभा**

१३. प्रत्येक आर्थिक वर्ष सकिएको ३ महिनाभित्र समितिले सबै सदस्यलाई २१ दिनको सूचना दिई वार्षिक साधारण सभा बोलाउनेछ । कारणबश सो अवधिभित्र वार्षिक साधारण सभा बोलाउन नसकिएमा समितिले असमर्थताको कारण जनाई सभाको मिति तोकी आर्थिक वर्ष सकिएको ३ महिनाभित्र सूचना जारी गर्नुपर्नेछ । तर प्रथम साधारण सभा संस्था स्थापना भएको ६ महिना भित्र बोलाईनेछ ।

१४. बार्षिक साधारण सभाको कार्यसूचीमा देहायका विषयहरु रहनेछन् :

(क) वार्षिक प्रतिवेदन जसमा प्रगति विवरण तथा लेखापरिक्षित आर्थिक विवरणहरु समावेश हुनेछन,

(ख) समितिका अध्यक्षलगायत सदस्यहरुको चयन

(ग) लेखापरिक्षकको चयन,

(घ) समितिले पेश गरेको प्रस्ताव, र

(ङ) सदस्यबाट सभा हुनु सात दिन अगावै प्राप्त भई समितिको प्रतिक्रिया सहितको प्रस्ताव । तर, समितिले उक्त प्रस्ताव कार्यसूचीमा समावेस नगर्ने प्रतिक्रिया जनाएमा उक्त सभाले कार्यसूची विषय निर्णय गरे अनुरुप हुनेछ ।

**विशेष साधारण सभा**

१५. निम्न परिस्थितिमा समितिले विशेष साधारण सभा बोलाउनेछ ।

(क) समितिले विशेष साधारण सभा बोलाउन आवश्यक ठानेमा वा

(ख) संस्थाका पच्चीस प्रतिशत सदस्यले विशेष साधारण सभा बोलाउनु पर्ने कारण खुलाई विषयसूची सहित लिखित अनुरोध गरेमा ।

१६. धारा १५ (ख) अनुरुप अनुरोध प्राप्त भएको तीस दिनसम्म पनि समितिले विशेष साधारण सभा बोलाउने सूचना जारी नगरेमा अनुरोध गर्ने सदस्यहरुले विशेष साधारण सभा बोलाउन सक्नेछन र सो सभा समितिले बोलाए सरह वैध हुनेछ ।

**मतदान**

१७. प्रत्येक सदस्यको एक मत हुनेछ, तर संस्थागत सदस्यकलाई मतदानको अधिकार हुनेछैन । सदस्यले सभामा आफैं उपस्थित भएर मात्र मतदान गर्न सक्नेछ । सभाले गोप्य मतदान गर्न भनेर तोकेको बाहेकका अन्य अवस्थामा सदस्यले हात उठाएर वा अन्य उपयुक्त तरिकाबाट खुल्ला रुपमा मतदान गर्नेछन् तर अध्यक्ष लगायत समितिको निर्वाचन गोप्य मतदानकै प्रक्रियाबाट गरिने छ ।

**कार्य समिति**

**समितिको गठन र पदरिक्तता**

१८. समितिमा साधारणसभावाट निर्वाचित अध्यक्ष सहित नौं (९) जना सदस्यहरु रहने छन् । त्यस मध्ये साधारण सदस्यहरु मध्येबाट अध्यक्ष सहित आठ जना र संस्थागत सदस्यहरु मध्येबाट एक जना साधारण सभाबाट चुनिने छन् । संस्थागत रूपमा प्रतिनिधित्व गर्ने सदस्यलाई संस्थाले अख्तियारी दिएर पठाउने छ र त्यस्तो अख्तियारीमा सम्बन्धित संस्थाले चाहेमा फेरबदल हुन सक्ने छ ।

१९. प्रथम समितिको गठन धारा ४५ अनुसारका संस्थापक सदस्यहरुले गर्नेछन् ।

२०. वार्षिक साधारणसभामा दुई वर्ष पदावधि पूरा गरेका अध्यक्ष लगायत समिति सदस्यहरुको निर्वाचन हुनेछ र निर्वाचनको लागि समितिले एक जना निर्वाचन अधिकृत नियुक्त गर्नेछ ।

२१. समितिका सदस्यको पदावधि दुई वर्षको हुनेछ र पदावधि समाप्त भएका सदस्य पुनः निर्वाचित हुन सक्नेछन् । तर, लगातार दुई अवधि पुरा गरेका सदस्यले तेस्रो पटक उम्मेदवार हुन पाउने छैन ।

२२. संस्थाको सदस्य नरहेका व्यक्ति समितिको सदस्यबाट स्वतः हटनेछ र उक्त पद रिक्त भएको मानिनेछ ।

२३. अध्यक्षले उपाध्यक्षमार्फत् र अन्य पदाधिकारी वा समितिका अन्य सदस्यले अध्यक्ष मार्फत लिखित राजिनामा दिन सक्नेछन् । पदाधिकारी वा समितिका सदस्यको राजिनामा समितिले स्वीकृत गरेमा लागू हुनेछ ।

२४. कारणवश समितिको कुनै सदस्यको पद रिक्त भएमा समितिले अन्य सदस्यलाई अर्को निर्वाचनसम्मको लागि सहवरण गर्न सक्नेछ ।

**समितिको अधिकार र कर्तव्य**

२५. समितिले साधारण सभाप्रति उत्तरदायी रही संस्थाको प्रतिनिधित्व गर्नेछ र संस्थाको उद्देश्य प्राप्तिको लागि गर्नुपर्ने संपुर्ण कार्य सम्पादन गर्नेछ । समितिको निर्णय अनुसार संस्थाले सम्पतिको स्वमित्व ग्रहणगर्न र दायित्व वहन गर्न सक्नेछ ।

२६. समितिले आफ्नो अधिकार समितिका पदाधिकारी वा अन्य सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ । समितिका पदाधिकारी वा अन्य सदस्यले आफ्नो अधिकार प्रयोग गर्दा संस्थालाई कुनै हानी नोक्सानी पुग्न गएमा निजको वदनियत प्रमाणित भएमा बाहेक उक्त नोक्सानीको लागि निजले व्यक्तिगतरुपमा दायित्व वहन गर्नुपर्ने छैन ।

२७. समितिले कुनै विशेष कार्यक्रम संचालन गर्न वा जिम्मेवारी वहन गर्नको लागि एक वा वढी उपसमिति गठन गर्नु र तिनको कार्यक्षेत्र,पदावधि एवं कार्यविधि तोक्न सक्नेछ ।

२८. समितिको बैठक वर्षमा कमसेकम छ :पटक बस्नेछ तर दुई बैठकको अन्तराल दुई महीना भन्दा बढी हुनेछैन । बैठकको गणपुरक संख्या ५ जना हुनेछ ।

२९. विधान प्रतिकूल नहुने गरी समितिले संस्थाको कार्य संचालनको लागि नियम बनाउन सक्नेछ ।

## पदाधिकारी

३०. अध्यक्षले कार्यसमिति सदस्यहरु मध्येबाट तीनजना पदाधिकारीहरुः उपाध्यक्ष, महासचिव र कोषाध्यक्ष नियुक्त गर्नेछ । पदाधिकारीको पदावधि दुईवर्षको हुनेछ । तर, लगातार दुई अवधि पूरा गरेका पदाधिकारीले तेस्रो पटक समितिको कुनै पनि पदाधिकारीको पदमा उम्मेदवार हुन पाउने छैन ।

३१. संस्थाका पदाधिकारीहरुको काम,कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) अध्यक्ष

- समितिको तथा साधारण सभाको सभापतित्व गर्ने ।
- वरावर मत भएमा निर्णायक मत दिने ।
- संस्थाको विविध क्रियाकलापमा आवश्यक निर्देशन दिने र रेखदेख गर्ने ।
- समिति सदस्यहरु मध्येबाट उपाध्यक्ष, महासचिव र कोषध्यक्ष नियुक्त गर्ने ।

(ख) उपाध्यक्ष

- अध्यक्षलाई आवश्यक सहयोग पुऱ्याउने ।
- अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्नुपर्ने कार्य सम्पादन गर्ने, गराउने ।

(ग) महासचिव

- अध्यक्षको परामर्श लिई प्रतिवेदन, कार्यक्रम तर्जुमा गरी समितिको वैठक बोलाउने ।
- संस्थाको दैनिक कार्य संचालन गर्ने ।
- संस्थाको चल–अचल सम्पतिको सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन पदाधिकारीहरुसंग समन्वय गर्ने ।
- विधान बमोजिम साधारण सभा बोलाउने व्यवस्था गर्ने ।

(घ) कोषाध्यक्ष

- संस्थाको आर्थिक कारोवार सम्हाल्ने, आय-व्ययको लेखा राख्ने र आर्थिक प्रतिवेदन तयार गर्ने ।
- पदाधिकारीहरुसँग परामर्श गरी बार्षिक बजेट र आर्थिक कार्यक्रम तयार गरी समितिमा पेश गर्ने ।
- स्वीकृत वजेट, नियम तथा तोकिएको प्रक्रिया अनुरुप खर्च गर्ने वा संस्थालाई दायित्व बहन गर्न लगाउने ।

कर्मचारी

३२. समितिले कार्यालय प्रमुख तथा आवश्यक अन्य कर्मचारी नियुक्त गर्न सक्नेछ । संस्थाको दैनिक कार्य संचालनको लागि कुनै पदाधिकारीले आफ्नो अधिकार कार्यालय प्रमुखलाई प्रत्यायोजना गर्न सक्नेछ ।

## सल्लाहकार परिषद

### गठन र कार्यविधि

३३. संस्थालाई आवश्यक सल्लाह उपलब्ध गराउनको लागि विभिन्न क्षेत्रमा लब्धप्रतिष्ठित कुनै पनि मुलुकका नागरिकलाई समितिले सल्लाहकार परिषदको सदस्यमा नियुक्त गर्न सक्नेछ । ट्रान्सपरेन्सी इन्टरनेशनलको पदाधिकारीमा वा सल्लाहकार परिषदको सदस्यमा बहालरहेका नेपाली नागरीक स्वत: परिषदको सदस्यमा नियुक्त हुनेछ । यसको अतिरिक्त समितिले कुनै सार्वजनिक आयोग,कार्यालय वा विभागको तथा कुनै अर्ध सरकारी वा गैर सरकारी संघ संस्थाको तथा कुनै अन्तराष्ट्रिय संस्थाको प्रमुखको पदमा रहेका व्यक्तिलाई संस्थागत रुपमा परिषदको सदस्यमा नियुक्त गर्न सक्नेछ ।

३४. परिषदको कार्यविधि परिषद आफैले तय गर्नेछ र परिषद्को कार्य संचालन महासचिव मार्फत हुनेछ । परिषद्का सभापति कार्य समितिले चयन गर्ने छ । सभापतिको कार्यकाल दुई वर्षको हुने र पुन: एक पटक चयन हुन सक्नेछ ।

३५. परिषदको बैठक परिषद्को सभापतिले उपयुक्त ठाने अनुरुप वा अध्यक्षको अनुरोधमा कमसेकम वर्षको एकपल्ट बस्नेछ । परिषदले आफनो सल्लाह समितिलाई पठाउनेछ र समितिले त्यसउपर यथाशिघ्र विचार गरी उपयुक्त निर्णय लिनेछ ।

## पदरिक्तता

३६. परिषदको सदस्यता नरहने अवस्था देहाय बमोजिम हुनेछ:

(क) मृत्यू भएमा वा परिषदको सदस्यता परित्याग गरेको सूचना समितिलाई दिएमा, वा

(ख) संस्थालाई हानी नोक्सानी हुने कुनै कार्य गरेको कारण देखाई वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार सम्बन्धि अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई वा अन्य कुनै कारण देखाई समितिले सदस्यतावाट हटाउने निर्णय गरेमा ।

### आकस्मिक परिस्थिति

३७. समितिले समयभित्र निर्वाचन गराउन नसकेमा वा त्यसको कारण खोली साधारण सभाबाट अनुमोदन प्राप्त गर्न नसकेमा समितिबाट कार्यभार सल्लाहकार परिषद्ले आफ्नो जिम्मामा लिई यथाशिघ्र निर्वाचन गराई नयाँ समितिलाई सुम्पने छ ।

### अर्थ र लेखा

३८. संस्थाको देहाय बमोजिमको आर्थिक स्रोत हुनेछ :

(क) सदस्यबाट प्राप्त शूल्क वा अनुदान,
(ख) सरकारी वा गैरसरकारी संस्थाबाट प्राप्त निशर्त सहायता तथा अनुदान,

(ग) दाताहरुबाट प्राप्त निशर्त सहयोग,
(घ) संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त वा सेवा प्रदान गरेर आर्जित आय वा पुरस्कार,
(ङ) संस्थाको कोष लगानीबाट आर्जित आय,
(च) अन्य आम्दानी ।
(छ) वैदेशिक सहायता लिन पर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिइनेछ ।

३९. सदस्यले बुझाउनुपर्ने शुल्क समितिले तोक्नेछ तर पहिले तोकेको शुल्कमा बृद्धिगरी तोकेमा पछिल्लो साधारण सभामा यसको अनुमोदन हुनुपर्नेछ ।

४०. संस्थाको लेखा सर्वमान्य लेखा सिद्वान्त अनुसार राखिनेछ र प्रत्येक आषाढ मसान्तमा समाप्त वर्षको लेखा तयार गरी लेखा परिक्षित विवरण साधारण सभामा प्रस्तुत गर्ने समितिको जिम्मेवारी रहनेछ । लेखापरिक्षण सम्वन्धित कानून अनुसार मान्यताप्राप्त लेखापरिक्षकद्वारा गराईनेछ । प्रथम लेखापरीक्षक समितिले चयन गर्नेछ ।

## विविध

### अविश्वासको प्रस्ताव

४१. विधान विपरित कार्य गरेको वा अन्य कारण दर्शाई पच्चीस प्रतिशत सदस्यले समितिको विरुद्ध अविश्वास प्रस्ताव पेश गरी साधारण सभामा उपस्थित सदस्यको दुईतिहाई बहुमतबाट प्रस्ताव पारित गरेमा सो समिति भङ्ग हुनेछ र साधारण सभाले तत्काल एक तदर्थ समितिको घोषणा गर्नेछ, जसले ३ महीनाभित्र नयाँ समितिको गठनको लागि निर्वाचन गराउनेछ ।

४२. विधान विपरित कार्य गरेको वा अन्य कारण दर्शाई पच्चीस प्रतिशत सदस्यले कुनै पदाधिकारी वा समितिको सदस्यको विरुद्ध अविश्वास प्रस्ताव पेश गरी साधारण सभामा उपस्थित सदस्यको दुईतिहाई बहुमतबाट प्रस्ताव पारित गरेमा उक्त व्यक्ति समितिको सदस्यबाट स्वतः निष्कासित हुनेछ र साधारण सभाले सो पदपूर्ति गर्नेछ ।

### ४२ क. सहयोगी समूह र यसको कार्य क्षेत्र

१. सहयोगी समूह खोल्न चाहनेहरुले यस बिधानको उद्येश्य अनुकुल रहने गरी समूह गठनका लागि समितिमा आवेदन दिन सक्ने छन् ।
२. सहयोगी समूहमा कम्तीमा ५ जना सदस्यहरु रहने छन् ।
३. सहयोगी समूहको कार्यक्षेत्र समितिले तोके बमोजिम हुने छ ।

### विधान संशोधन

४३. विधान संशोधनको प्रस्ताव समितिले साधारण सभामा पेश गर्नसक्नेछ । पच्चीस प्रतिशत सदस्यले विधान संशोधनको प्रस्ताव साधारण सभामा पेश गर्न चाहेमा धारा १४(ङ) अनुसार हुनेछ । साधारण सभामा उपस्थित सदस्यहरुको दुईतिहाई बहुमतले विधान संसोधनको प्रस्ताव पारित गरेमा संशोधित विधान कानून अनुसार लागू हुनेछ । तर, धारा ४५ लाई संशोधन गर्ने प्रस्ताव संपूर्ण सदस्यको तीन चौथाई बहुमतले पारित भएमा मात्र लागु हुनसक्नेछ ।

### संस्थाको विघटन

४४. संस्थाको विघटनको प्रस्ताव समितिले साधारण सभामा पेश गर्नसक्नेछ तर त्यस प्रकारको प्रस्तावमा छलफल गर्न बोलाइएको साधारण सभाको सूचना सार्वजनिक संचार माध्यमद्वारा समेत प्रसार गर्नुपर्नेछ । संपूर्ण सदस्यको तीन चौथाई बहुमतले पारित भएमा संस्था विघटन हुनेछ । यसप्रकार संस्था विघटन भएको खण्डमा संस्थाको सम्पूर्ण जायजेथा प्रचलित कानुन अनुसार हुनेछ ।

### संस्थापक सदस्यहरु

४५. यस विधानमा दस्तखतगर्ने देहायका व्यक्तिहरु संस्थापक सदस्य रहेकाछन् :

१. श्रीमती अम्बिका श्रेष्ठ
२. श्री कोमल बहादुर चित्रकार

३. श्री टंक प्रसाद कार्की
४. श्री दमन नाथ ढुंगाना
५. श्री दामोदर प्रसाद गौतम
६. श्री दीप कुमार उपाध्याय
७. श्री देवेन्द्र राज पाण्डे्
८. श्री ध्रुवहरि अधिकारी
९. श्री पोष राज पाण्डे
१०. श्री प्रयाग राज शर्मा
११. श्रीमती बिना प्रधान
१२. श्री बिश्वम्भर मान सिंह प्रधान
१३. श्री राजेन्द्र दाहाल
१४. श्री राधेश्याम अधिकारी
१५. श्री हेम बहादुर विष्ट